सुनछहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

५ नं. प्रदेश, नेपाल

## कर्मचारी आबस्यकता सम्बन्धि सूचना

(सूचना प्रकाशन मिति: २०७७/०६/१८ गते)

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.स २०७७/७८ , च.नं. १२६, मिति २०७७/०५/२३ गतेको पत्रानुसार "स्थानीय तहमा कोभिड-१९ आस्थायी अस्पताल संचालन सम्बन्धि मार्गदर्शन, २०७७" मा व्यबस्था भई यस सुनछहरी गाउँपालिकामा स्थापना हुन लागेको ५ शैय्याको अस्पताल संचालनका लागि तपशिल बमोजिमका कर्मचारी करारमा राख्नु पर्ने भएकोले प्रचलित कानुन अनुसार योग्य नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व तिरेको रसिद सहित आवेदन फारमको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | ४/०७७/७८ | मेडिकल अफिसर | १ | रु १०००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतिर्ण भई NMC मा दर्ता भएको हुनुपर्ने छ |
| २ | ५/०७७/७८ | स्टाफ नर्स | २ | रु ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL उतिर्ण भई NMC मा दर्ता भएको हुनुपर्ने छ |
| ३ | ६/०७७/७८ | कार्यालय सहयोगी | १ | रु ३००/- | साधारण लेखपढ गर्ने जान्ने |

**१२. आबस्यक कागजातहरु:**

क) नेपाली नगारिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) २(दुई) प्रति पासपोर्ट साइजको फोटो

ग) आवस्यक शैक्षिक योग्यताको लब्ध्यांक प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि

घ) अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि

ङ) बिज्ञापन नं. ४/०७७/७८ र ५/०७७/७८ को हकमा नेपाल मेडिकल काउन्सिल (NMC) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

**१३. दरखास्तको माध्यम:** ईच्छुक आवेदकले निर्धारित परिक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा आवस्यक कागजात ,प्रमाणपत्रहरुको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रितपुर्वक आवेदन फारम भरी यस गाउँपालिकाको प्रशासन शाखामा आबेदन दिनु पर्नेछ ।

**१४. तलब भत्ता:** नेपाल सरकारले तोकेबमोजिम

**१५. उमेर हद:** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**१६. दरखास्त दिने अन्तिम मिति:** २०७७।०७।०२ गते सम्म । उक्त दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र

**१७. आवेदन बुझाउने स्थान:** सुनछहरी गाउँपालिकाको कार्यालय

**१८. परिक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता

**१९. परिक्षा हुने मिति:** दरखास्त समाप्त हुने मितिको भोलिपल्ट कार्यालयको सुचनापाटी तथा website मा प्रकाशन हुनेछ ।

*नोट: आवेदन फारम सुनछहरी गाउँपालिकाको कार्यालय वा www.sunchhaharimun.gov.np बाट प्राप्त गर्न सकिनेछ। सूचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ।* ***सम्पर्कको लागि: स्वास्थ्य संयोजक ९८४७८६८४९२***

वीरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत